# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५ ) काठमाडौं, वैशाख १९ गते २०५२ साल ( अतिरिक्ताङ्क २ (ख )

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

सम्माननीय प्रधानमन्त्री श्री मनमोहन अधिकारी दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को आठौं शिखर सम्मेलनमा भाग लिने सिलसिलामा २०५२ साल वैशाख १९ गते नयाँ दिल्लीतर्फ जानु भएकोले र माननीय उप-प्रधानमन्त्री तथा रक्षा र परराष्ट्र मन्त्री श्री माधवकुमार नेपाल पनि हाल देश बाहिर रहनु भएको हुँदा सम्माननीय प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानमन्त्रीले गर्ने कार्यहरूका साथै उहाँले सम्हाली आउनु भएको राजदरबारसम्बन्धी कार्यभार समेत सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय गृह मन्त्री श्री के. पी. शर्मा ओलीले सम्हाल्नु हुनेछ ।

### सूचना २

श्री ५ महाराजाधिराजका हजूरमा सर्वोच्च अदालतका न्यायाधीश श्री हर-गोविन्द सिंह प्रधानले २०५२ साल वैशाख १८ गते आफ्नो पदबाट चढाउनु भएको राजीनामा मौसूफबाट नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम सोही मिति देखि लागू हुने गरी स्वीकृत गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका सचिव

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

22

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।